**अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम अर्जुनधारा नगरपालिकाको नगर सभाले यो विधेयक बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस विधेयकको नाम "अर्जुनधारा नगरपालिकाको विनियोजन विधेयक,२०८० " रहेको छ ।

(२) यो विधेयक २०८० साल श्रावण १ गतेबाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा रकम समेत गरी जम्मा रकम रु ७६,११,८०,०००/- (अक्षेरुपी छयत्तर करोड एघार लाख असि हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । कुनै पनि श्रोतमा उक्त रकम भन्दा बढी प्राप्त भएमा नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ ।

३. **विनियोजनः** (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्नसकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **अ.ल्या. रकम आम्दानी बाँधी खर्च गर्ने सम्बन्धि व्यवस्थाः** (१) आर्थिक वर्ष २०७९/०८० को अन्त्यसम्ममा नगरपालिकाको सञ्चित कोषमा अनुमान गरिए भन्दा बढी रकम मौज्दात रहन गएमा उक्त रकम आर्थिक वर्ष २०८०/०८१ का लागि ऋमागत आयोजनाहरु सहितका कार्यक्रममा थप कार्यक्रम बनाई नगर कार्यपालिकाले खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप हुने आम्दानी तथा कार्यक्रमको विवरण नगर सभाबाट स्वीकृत गराउनुपर्नेछ ।

५. **नियम, कार्यविधि, मार्गदर्शन, निर्देशिका वा मापदण्ड बनाउन सक्नेः** (१) यस विधेयकले निर्देशित गरेको कुनै पनि आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**अनुसुची (१)**

**दफा २ सँग सम्बन्धित**

नेपालको संविधान,२०७२ को धारा २२९ को उपधारा (२) बमोजिम अर्जुनधारा नगरपालिकाक सञ्चित कोषबाट विनियोजन हुने रकम

| सि.नं. | खर्चको विवरण | रकम (रु लाखमा) |
|---|---|---|
| १ | नेपाल सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम | २८३० |
| २ | नेपाल सरकारबाट हस्तान्तरित समपुरक अनुदान | ९० |
| ३ | नेपाल सरकारबाट हस्तान्तरित विशेष अनुदान | १४५ |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम | २४८.७५ |
| ५ | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | १३० |
| ६ | कोषहरु | |
| | समपुरक कोष | ३०० |
| | साझेदारी कोष | १८० |
| | प्रस्तावनामा आधारित कार्यक्रम | ४० |
| | जहाँ अभर त्यहाँ नगर कार्यक्रम सञ्चालन | ५० |
| | विपद् व्यवस्थापन कोष | ६० |
| | संघ संस्था प्रवर्द्धन कार्यक्रम | ४० |
| ७ | भूमी व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु | ४५ |
| ८ | नगर गौरवको आयोजनाहरु | ११३ |
| १३ | पूर्वाधार विकास सम्बन्धि कार्यक्रमहरु | २५५ |
| १४ | सामाजिक विकास सम्बन्धि कार्यक्रमहरु | ४५५ |
| १५ | आर्थिक विकास सम्बन्धि कार्यक्रमहरु | १८७ |
| १६ | वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु | ७५ |
| १७ | सुशासन तथा संस्थागत विकास सम्बन्धि कार्यक्रमहरु | ७८ |
| १८ | वडास्तरीय योजनाहरु | ९९० |
| १९ | प्रशासनिक खर्च | १३००.०५ |
| | जम्मा | ७६११.८ |